नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**मन्थली नगरपालिका कार्यालय**
मन्थली, रामेछाप

फोन.नः ०४८ ५४०११२

प.सं. २०७२।०७३

च.नं.

मिति:२०७३।०५।०५

## एकीकृत सम्पति कर प्रयोजनको लागि आ आफ्नो सम्पतिको स्वघोषणा बारेको मन्थली नगरपालिकाको सुचना ।

यस नगरपालिकाको चौथो नगरपरिषद्को निर्णय अनुसार स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४४ वमोजिम मालपोत, भूमिकर, घरजग्गा करको सट्टा एकिकृत सम्पति कर यहि मिति २०७३ भाद्र १ गते देखि लागू गर्ने निर्णय भएको हुँदा यस नगर क्षेत्र भित्र घर, घडेरी, जग्गा लगायत जुन सुकै भौतिक संरचनाहरुको स्वामित्व लिन हुने महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ६ महिना भित्र आ आफ्नो सम्पति स्वघोषणा गरी यस कार्यालयबाट निःशुल्क रुपमा उपलब्ध गराईने फारममा विवरण भरी पेश गर्नु हुन सम्बन्धित सम्पति धनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नगरपालिकाले तोकिएको अन्तिम मिति सम्म पनि आफ्नो विवरण दाखिला नगर्ने महानुभावहरुले विलम्ब शुल्क तिर्न पर्ने हुँदा तोकिएको समय भित्रै आ आफ्नो सम्पति (जग्गा, घडेरी तथा भौतिक संरचना) को विवरण पेश गर्नु हार्दिक अनुरोध गरिन्छ ।

**थप जानकारी**

- एकिकृत सम्पतिको विवरण दाखिला गर्नका लागि नेपाली नागरिकता र जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि सहित आ.व. २०७२/०७३ सम्मको मालपोत, घर जग्गा कर र धुरी कर चुक्ता गरेको रसिद पेश गर्नु पर्नेछ ।
- एकीकृत सम्पति कर तिरे पछि भुमिकर घर, जग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै नगरपालिकाको यस कार्यमा सवै पक्षको सुझाव, सल्लाह र सहभागिताको अपेक्षा [redacted] सहित सहयोगको आव्हान गर्दछ ।

**विस्तृत जानकारीको लागि:**

- मन्थली नगरपालिका कार्यालय, मन्थली, रामेछाप, सम्पर्क फोन नं. :- ०४८-५४०११२

मन्थली नगरपालिका कार्यालय
मन्थली, रामेछाप